वालिङ नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

वालिङ, स्याङ्जा

फोन नं.: ०६३-४४०१७७

गण्डकी प्रदेश, नेपाल

पत्र सं: ०८१/८२

च नं:

मिति: २०८१/०८/१८

# सूचना ! सूचना !! सूचना !!!

प्रथम पटक प्रकाशित मिति २०८१/०८/१८

यस वालिङ नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, कृषि विकास शाखाको आ.व. ०८१/८२ को वार्षिक स्वीकृत कार्यक्रममा तपसिल बमोजिमका कार्यक्रम रहेको हुँदा वालिङ नगरपालिका भित्र कृषि व्यवसायसँग सम्बन्धित ईच्छुक कृषि उद्यमी/कृषि फर्म/कृषक समूह/कृषि सहकारी संस्थाबाट दरखास्त आव्हानको लागि यो सूचना प्रकाशित गरिएको को छ। यो सूचना प्रथम पटक प्रकाशन भएको मितिले ३० दिन (२०८१/०९/१७ गते) भित्र वालिङ नगरपालिका, नगर कार्यपालिकाको कार्यालयमा तपसिल अनुसारका कागजातहरु संलग्न गरी आवेदन सहित प्रस्ताव आव्हान गरीएको छ ।

| क.स. | कार्यक्रम | कार्यक्रम संख्या | कुल बजेट (रु.) | कैफियत |
|---|---|---|---|---|
| १. | कृषि यन्त्रिकरण एवंम् प्रविधिकरण कार्यक्रम | १ पटक | २०,००,०००/- | ➢ ५०% लागत साझेदारीमा कृषकहरुको माग अनुसार कृषि उत्पादन र प्रशोधन कार्यसँग सम्बन्धित साना कृषि मेसिनरी औजार तथा उपकरण वितरण गरीने। |
| २. | मौरी प्रवर्द्धन कार्यक्रम | १ पटक | १०,००,०००/- | ➢ ५०% लागत साझेदारीमा मौरीपालन व्यवसायसँग सम्बन्धित सामग्रीहरु (मौरीसहितको घार, मौरीको खालि घार, बिवेल, मह मदानी आदि) वितरण गरीने।<br>➢ कम्तिमा ५ घार मौरीपालन गरीरहेका वा मौरीपालन सम्बन्धी तालिम प्राप्त गरी कम्तिमा ५ घार मौरी माग गर्ने कृषकलाई प्राथमिकता दिईने। |
| ३. | कृषक पाठशाला | २ वटा | ३,००,०००/- | ➢ विगतका आ.व. मा कृषक पाठशाला संचालन नगरेका कृषक समूह वा कृषि सहकारीहरुलाई प्राथमिकता दिईने। |

प्रशासकीय अधिकृत

वालिङ नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

वालिङ, स्याङ्जा

फोन नं.: ०६३-४४०१७७

गण्डकी प्रदेश, नेपाल

मितिः २०८१/०८/१८

पत्र सं: ०८१/८२

च नं:

आवश्यक कागजात:

१. निवेदन।

२. निवेदकको नागरीकताको प्रतिलिपि।

३. जग्गाको क्षेत्रफल र स्वामित्व वा हकभोग खुल्ने प्रमाण पत्रको प्रतिलिपी।

४. व्यवसायिक कृषि फर्मको हकमा:

- फर्म दर्ता प्रमाणपत्रको प्रतिलिपि गत आ.व.सम्म कर चुक्ता गरेको प्रमाण।

५. कृषक समूह र कृषि सहकारीको हकमा:

- संस्था दर्ताको प्रमाण पत्रको प्रतिलिपि।
- कार्य समितिको निर्णयको प्रतिलिपी।
- गत आ.व.को संस्थाको लेखा परिक्षण भएको प्रतिवेदनको प्रतिलिपी र गत आ.व. सम्म कर चुक्ता गरेको प्रमाण।

६. अन्य निकायबाट कम्तिमा विगत दुई आ.व.मा समान प्रकृतिको कार्यक्रममा कुनै अनुदान प्राप्त नगरेको स्वघोषणा प्रत्र।

७. हाल गरीरहेको कृषि व्यवसाय झल्कने तस्बिरहरु।

..............................

गंगालाल सुवेदी

प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत